त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु

# ३/४ वर्षे स्नातक तह प्रथम बर्षको परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा संचालन हुने २०७५ सालको वार्षिक परीक्षा प्रणाली अनुसार ३ / ४ बर्षे स्नातक तह प्रथम बर्षका मानविकी, व्यवस्थापन, विज्ञान र शिक्षा शास्त्र संकाय तर्फका नियमित तथा प्राइभेट र पूरा तथा आंशिक परीक्षा दिने क्याम्पसका परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा र प्राइभेट परीक्षार्थीहरुले आफूलाई पायक पर्ने सम्बन्धित क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयमा मिति २०७५ साल अषाढ ०७ गते सम्ममा परीक्षा आवेदन फारम भरि बुझाउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा दिन पाइने योग्यता:**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रकृया पुऱ्याई आफैले सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.बि.प.नि.का जवाफदेही हुने छैन ।

ख) २०६८ सालमा प्रथम पटक प्रथम वर्षको परीक्षा आवेदन फारम भरेका वा परीक्षा दिनेहरुको लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

**२) विषय छनौट सम्वन्धमा :**

परीक्षा आवेदन फारममा त्रि.वि.अर्न्तगतका नियमहरु तथा पाठ्यक्रमले तोके बमोजिमका (क्याम्पसले स्वीकृत पाएको विषयमा मात्र) विषयहरुमा मात्र भर्नु भराउनु पर्नेछ र परीक्षा पनि सोही अनुसार दिनुपर्नेछ । यसमा अन्यथा हुन गई परीक्षा रद्द भएमा वा ट्रान्सकृप्ट लिनबाट बञ्चित हुन गएमा परीक्षार्थी वा क्याम्पस स्वयं जिम्मेवार हुनुपर्नेछ ।

**३) त्रि.वि. रजिस्ट्रेशनको अनिवार्यता :**

क) त्रि.वि. रजिष्ट्रेशन नम्बर सम्वन्धित प.नि.का वा क्षे.प.प.नि.का बाट प्राप्त गरी परीक्षार्थीहरुको परीक्षा आवेदन फारममा अनिवार्य रुपले भर्नु भराउनुपर्नेछ ।

ख) त्रि.बि. रजिष्ट्रेशन नम्बर नराखेका परीक्षा आवेदन फारम स्वीकृत हुने छैनन् ।

ग) नाम रजिष्ट्रेशन नगराएका प्राइभेट परीक्षार्थीहरुले परीक्षा आवेदन फारम भर्नु भन्दा अगाडि त्रि.वि. मा नाम रजिष्ट्रेशन गराई परीक्षा आवेदन फारममा उक्त रजिष्ट्रेसन नम्वर अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ ।

**४) परीक्षा आवेदन फारम भर्दा र भराउँदा अनिवार्य रुपले ध्यान दिनु पर्ने कुराहरु:**

क) क्याम्पसका आंशिक परीक्षार्थीहरु र प्राइभेट तर्फका आंशिक परीक्षार्थीहरुले गत वर्षको रो.नं. र परीक्षा बर्ष परीक्षा आवेदन फारमको शिरमा वा फारम पछाडि निर्दिष्ट स्थानमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

ख) रजिष्ट्रेशन नम्वर परीक्षा आवेदन फारमको निर्दिष्ट स्थानमा अनिवार्य रुपले उल्लेख गर्नु गराउनु पर्नेछ ।

**५) परीक्षार्थीको परीक्षा आवेदन फारम क्याम्पसले यस कार्यालयमा बुझाउनु अगाडि अनिवार्य रुपमा ध्यान दिनुपर्ने कुराहरु:-**

क) विद्यार्थीले भरेको प्रत्येक परीक्षा आवेदन फारम र फोटोमा समेत पर्ने गरेर क्याम्पस प्रमुखले अनिवार्य रुपमा दस्तखत गर्नुपर्नेछ ।

ख) ३ बर्षे र ४ बर्षे स्नातक तह प्रथम बर्षको परीक्षार्थीहरुको संकायगत छुट्टा - छुट्टै फाइल गरि बिवरण सहित सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ र ४ बर्षेको पनि सोही अनुसार पुरा र आंशिकको छुट्टा-छुट्टै फाइल गरी विवरण सहित सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

ग) परीक्षा आवेदन फारम बुझाउँदा तह, बर्ष ,आंशिक वा पुरा के हो प्रष्ट छुट्टिने गरि सम्पूर्ण विद्यार्थी विवरण लगायत विषयगत तथ्याङ्क (subject wise data) को CD मा कपी गरी (संकायगत) अनिवार्य बुझाउनु पर्ने र सोको प्रिन्ट समेत छुट्टा-छुट्टै संकायगत फाईल गरी सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

घ) परीक्षा आवेदन फारम पठाउँदा सम्वन्धित क्याम्पसका परीक्षार्थीहरुबाट उठाइएका परीक्षा शुल्क, केन्द्र शुल्क, प्रयोगात्मक परीक्षा शुल्क र परीक्षा आवेदन फारम शुल्क आदिको कोलम बनाई हिसाव गरी संकायगत रुपमा भिन्नाभिन्नै पत्रका साथ छुट्टा-छुट्टै फाईल गरी पठाउनु पर्नेछ, अन्यथा परीक्षा फारम स्वीकृत हुने छैन ।

**६) प्राइभेट परीक्षार्थीहरुले याद राख्नुपर्ने कुरा :**

क) आशिंक परीक्षाको लागि फारम भर्नेले गत बर्षको सोही तह र खण्डको सक्कल लब्धाङ्क पत्र परीक्षा आवेदन फारम साथै पेश गर्नुपर्नेछ ।

ख) प्रथम पटक प्रथम वर्षको प्राइभेट परीक्षा दिनेले एस.एल.सी. १२ वा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेको लब्धांक पत्र ट्रान्सक्रिप्ट र बोर्डबाट प्राप्त प्रमाण पत्रको सक्कलै प्रति परीक्षा आवेदन फारम साथै पेश गर्नुपर्नेछ ।

ग) आफूलाई पायक पर्ने निम्न लिखित त्रि.वि.प.नि.का. का क्षेत्रीय कार्यालयमा पनि सम्पर्क राखी प्राइभेट परीक्षार्थीहरुले परीक्षा आवेदन फारम भरि बुझाउन सक्नेछन् ।

१. पूर्वाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - कञ्चनबारी, बिराटनगर ।
२) पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - पृथ्वीनारायण ब.क्याम्पस भवन, पोखरा ।
३) मध्यपश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - भृकुटीनगर, नेपालगंज ।
४) सुदुर पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - अत्तरिया, कैलाली ।

**७) परीक्षा शुल्क:**

| | | |
|---|---|---|
| क) | नियमित (पूरा तथा आंशिक) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु. ४७०/- |
| ख) | प्राईभेट (पूरा तथा आंशिक) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु. ९००/- |
| ग) | परीक्षा आवेदन फारम शुल्क | रु. ६०/- |
| घ) | परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु. १००/- |
| ङ) | प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क | रु. १५०/- |
| च) | दुई वा सो भन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु. २७५/- |
| छ) | फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु. २७५/- |

**८) परीक्षा आवेदन फारम भर्ने म्याद संवन्धमा :**

१. त्रि.बि. प्राज्ञिक परिषद्को मिति २०७० चैत्र १३ गते बसेको बैठकले परीक्षा फारम भर्ने समयावधि ३० (तीस) दिन र दोब्बर दस्तुर लिई थप ७ (सात) दिनभित्र परीक्षा आवेदन फारम बुझिलिने निर्णय गरेकोले सो कुरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. क्याम्पसका हकमा :

क) २०७५ साल अषाढ १० गते भित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैंक भौचर/ड्राफ्ट अनिवार्य बझाउनु पर्नेछ र उक्त भौचर/ड्राफ्ट बनाएको २ दिन भित्र उपत्यकाभित्रका क्याम्पसहरुले अनिवार्य रुपमा त्रि.वि.प.नि.का. बल्खुमा परीक्षा आवेदन फारम बुझाई सक्नुपर्नेछ ।

ख) काठमाडौं उपत्यका बाहिरका क्याम्पसहरुले पनि २०७५ साल अषाढ १० गते भित्र परीक्षा दस्तुर रकम बुझाएको बैंक भौचर/ड्राफ्ट बनाई सक्नुपर्नेछ र ४ दिनभित्र परीक्षा आवेदन फारम उक्त भौचर/ड्राफ्ट सहित सम्बन्धित क्षे.प.नि.का.मा अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ ।

ग) क्याम्पसहरुले दोब्बर दस्तुरको म्याद सकिएको भोलिपल्टै परीक्षा शुल्कको बैंक भौचर/ड्राफ्ट बनाई उपत्यका भित्रका क्याम्पसहरुले २ दिन भित्र र उपत्यका बाहिरका क्याम्पसहरुले ४ दिनभित्र अनिवार्यरुपमा सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा परीक्षा आवेदन फारम बुझाइ सक्नुपर्नेछ ।

३) म्याद सकिएको ७ दिनभित्र दोब्बर दस्तुर लिई फारम बुझिनेछ तर अगाडिका परीक्षाहरुमा भैं पुन : २/३ दिनको म्याद दिने प्रावधान पूर्णरुपमा हटाईएकोले तोकिएको म्यादभित्र फारम बुझाईसक्नुहुन सम्वन्धित सबैलाई विशेष जानकारी गराइएको छ ।

**९) परीक्षा शुल्क बुझाउने सम्वन्धमा :**

क) काठमाण्डौ उपत्यका भित्रका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले त्रि.वि. कीर्तिपुर /बल्खु परिसर भित्र रहेको ग्लोबल बैंक लिमिटेडको आम्दानी खाता नं : ०५०१०१०००००७६ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी सोको भौचर सहित परीक्षा फारम यस कार्यालयमा बुझाउनुपर्नेछ ।

ख) काठमाण्डौ उपत्यका बाहिरका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले कीर्तिपुर स्थित ग्लोबल बैंक लि.कीर्तिपुर शाखाबाट अथवा काठमाण्डौ उपत्यका भित्रका कुनै बैंकबाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यलयको नाममा डिमाण्ड ड्राफ्ट बनाई फारम साथै पेश गर्नुपर्नेछ ।

ग) पूर्वाञ्चल क्षेत्रका क्याम्पस तथा प्राइभेट परीक्षार्थीहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चलको च.हि. नं. १०४००१००९२२१२००००००१ नेपाल बैंक लिमिटेड ,बजार अड्डा शाखा, बिराटनगरमा परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क बुझाएको भौचर परीक्षा फारम साथै अनिवार्यरुपमा बुझाउनु पर्नेछ ।

घ) मध्यपश्चिमाञ्चल क्षेत्रका क्याम्पस तथा प्राइभेट परीक्षार्थीहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, मध्यपश्चिमाञ्चल को च.हि.नं. २१०१०१०००००७६ ग्लोबल आइ. एम. इ. बैंक लिमिटेड, त्रिभुवन चोक बाँकेमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ङ) पश्चिमाञ्चल क्षेत्रका क्याम्पस तथा प्राइभेट परीक्षार्थीहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शूल्क त्रि.वि. क्षेत्रिय परीक्षा नियन्त्रण कार्यालय, पश्चिमाञ्चलको त्रि.वि.क्षे.प.नि.का को च.हि.नं. ०९१००१०११०१३४००००००१ नेपाल बैंक लिमिटेड बगर शाखा,पोखरामा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

**१०) परीक्षा केन्द्र:**

क) नियमित परीक्षार्थीहरुका लागि परीक्षा केन्द्र यस कर्यालयले तोके बमोजिम मात्र हुनेछ ।

ख) प्राइभेट परीक्षार्थीहरुका लागि निम्नलिखित परीक्षा केन्द्रहरु तोकिएका छन् । परीक्षा आवेदन फारम ती केन्द्रहरुबाट पनि नि:शुल्क प्राप्त गर्न सकिनेछ । तर फारम सम्वन्धी सम्पूर्ण शुल्क फारम साथै सम्वन्धित परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्नेछ ।

ग) प्राइभेट परीक्षार्थीहरुका लागि परीक्षा केन्द्रहरु:

| सि.नं. | परीक्षा केन्द्र | परीक्षा आवेदन फारम प्राप्त हुने स्थान | सि.नं. | परीक्षा केन्द्र | परीक्षा आवेदन फारम प्राप्त हुने स्थान |
|---|---|---|---|---|---|
| १. | इलाम | महेन्द्ररत्न ब.क्याम्पस, इलाम | २. | भद्रपुर | मेची ब.क्याम्पस, भद्रपुर |
| ३ | धरान | महेन्द्र ब.क्याम्पस, धरान | ४. | धनकुटा | धनकुटा ब.क्याम्पस, धनकुटा |
| ५. | भोजपुर | भोजपुर ब.क्याम्पस, भोजपुर | ६. | बिराटनगर | म.मो.आ.ब.क्याम्पस, बिराटनगर |
| ७. | राजबिराज | महेन्द्रबिन्देश्वरी ब.क्याम्पस, राजबिराज | ८. | जनकपुर | रामस्वरुप रामसागर ब.क्याम्पस, जनकपुर |
| ९. | पोखरा | पृथ्वीनारायण क्याम्पस, पोखरा | १०. | भरतपुर | बीरेन्द्र ब.क्याम्पस, भरतपुर |
| ११. | पाल्पा | त्रिभुवन ब.क्याम्पस, पाल्पा | १२. | बाग्लुङ्ग | धवलागिरी ब.क्याम्पस, बाग्लुङ्ग |
| १३. | नेपालगंज | महेन्द्र ब.क्याम्पस, नेपालगंज | १४. | भैरहवा | भैरहवा ब.क्याम्पस, भैरहवा |
| १५. | डोटी | डोटी ब.क्याम्पस, डोटी | १६. | दाङ्ग | महेन्द्र ब. क्याम्पस, दाङ्ग |
| १७. | महेन्द्रनगर | शिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर | १८. | काठमाण्डौ | परीक्षा नियन्त्रण कार्यालय, बल्खु |

**१२) परीक्षार्थीको फोटो सम्वन्धमा:**

क) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ख) प्रवेशपत्र प्रतिलिपि लिनुपरेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

**१३) परीक्षा दिन पाउने अवधि सम्वन्धमा:**

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्बाट पारित निर्णय न: १२३ बमोजिम ३ बर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीहरुले पहिलो पटक परीक्षामा सम्मिलित भएको वा परीक्षा फारम भरेको बर्षबाट ७ (सात) वर्ष भित्र पाठ्यक्रमले तह पुरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पुरा गरी सक्नु पर्नेछ ।

**१४) सेवा शुल्क सम्वन्धमा :**

त्रि.वि. बाट सम्वन्धन प्राप्त क्याम्पसहरुले त्रि.वि. लाई बर्षिक शुल्क बझाउँदा विद्यार्थी सख्याको अनुपात र बुझाएको शुल्क पुष्टि हुने विवरण सहित उक्त सेवा शुल्क बुझाएको भर्पाइको प्रतिलिपि परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**१५) समयावधि सम्वन्धमा :**

२०६५ पौष १४ गते बसेको त्रि.वि. सभाको बैठकबाट पारीत भए बमोजिम "कुनै परीक्षार्थी दृष्टि विहिन, सुस्त मनस्थिति भएमा वा हात सम्वन्धी गम्भीर रोगको कारणले गर्दा हातले लेख्न नसक्ने प्रमाणित भै नियम २६७ बमोजिमका सहयोगी लेखकद्धारा परीक्षा दिने भएमा आधिकारीक निकायबाट दिइएको अपाङ्गता परिचय पत्र वा चिकित्सकद्वारा प्रमाणितपत्रको आधारमा १०० पूर्णाङ्कको लागि १ घण्टा र सो भन्दा घटी पूर्णाङ्कको लागि आधा घण्टा समयावधि थप गरिनेछ ।"

**१६) प्रयोगात्मक परीक्षा सम्वन्धमा :**

क) बाह्य सुपरीवेक्षक (प्रयोगात्मक परीक्षामा जाने बाह्य पर्यवेक्षक) लाई आंगिक क्याम्पसमा सुपरीवेक्षण गर्न जाँदा लाग्ने भ्रमण भत्ता, दैनिक भत्ता तथा वास खर्च (आन्तारिक श्रोतबाट खर्च व्यहोर्ने गरि संचालित कार्यक्रमहरुमा) सम्वन्धित क्याम्पसहरुले नै व्यहोर्नु पर्नेछ ।

ख) बाय सुपरीवेक्षक (प्रयोगात्मक परीक्षामा जाने बाह्य पर्यवेक्षक) लाई सम्वन्धन प्राप्त क्याम्पसका सन्दर्भमा दैनिक भत्ता, भ्रमण भत्ता तथा वास खर्च लगायत आन्तरिक र बाह्य सुपरीवेक्षकलाई दिने सम्पूर्ण परिश्रामिक सम्वन्धित क्याम्पसले नै व्याहोर्नु पर्नेछ ।

**द्रष्टब्य:**

१. ४ बर्षे विज्ञान तर्फका परीक्षार्थीहरुले क्याम्पसहरुले क्याम्पस भर्ना हुन उत्तीर्ण गरेको प्रवेश परीक्षाको रिजल्ट सीटको एक प्रति आवेदन फारम साथै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. एयर डकुमेन्ट, हुलाक वा कुरियरद्वारा पठाइएका फारमहरु यस कार्यलयले कुनै पनि हालतमा बुझ्ने छैन ।

**निम्न क्याम्पसहरुले आफ्नो विद्यार्थीहरुको परीक्षा आवेदन फारम अन लाइनबाट भर्नु भराउनु पर्ने छ, साथै विस्तृत जानकारीका लागि परीक्षा नियन्त्रण कार्यालय बल्खुमा सर्म्पक गर्नुहुन सुचित गरिन्छ ।**

१) केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार धरान
२) पद्मकन्या क्याम्पस, बागवजार, काठमाण्डौ
३) पृथ्वीनारायण क्याम्पस, पोखरा
४) लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल
५) कैलाली बहुमुखी क्याम्पस, कैलाली धनगढी

परीक्षा नियन्त्रक